चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ११ मिति : २०८१/०७/२१

**भाग –२**

## चन्द्रपुर नगरपालिका खेलकुद विकास सम्बन्धी कार्यविधि,२०८१

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकाले स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

## चन्द्रपुर नगरपालिका खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** चन्द्रपुर नगरपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकुदको माध्यमबाट विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास,सहकार्य, समन्वय एकताको माध्यामबाट सामाजिक सद्भाव कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन वाञ्छनीय भएकोले,नेपालको संविधानको अनुसूची ९ (२) ,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (क)  र चन्द्रपुर

नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन), २०७४ को दफा ४ बमोजिम चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम " चन्द्रपुर नगरपालिका खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८१" रहेकोछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ। (३) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ।

**२.परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यविधि" भन्नाले चन्द्रपुर नगरपालिका " चन्द्रपुर नगर खेलकुद विकास सम्वन्धी कार्यविधि २०८१" सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले चन्द्रपुर नगरपालिका सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले चन्द्रपुर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चन्द्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "नगर खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकुद समिति" भनिनेछ।

(च) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा ११ र १२ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ।

(छ) "खेलकुद " भन्नाले चन्द्रपुर नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने म्याराथन समेतका खेलकुद सम्झनु पर्छ।

(ज) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडी सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

नगर कार्यपालिकाको कार्यालय

(ञ)  “प्रशिक्षक” भन्नाले  चन्द्रपुर नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(ट)   “प्रशिक्षार्थी” भन्नाले चन्द्रपुर नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(ठ) “प्रोत्साहन” भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान, पुरस्कार सम्झनु पर्छ ।

(ड)  “सदस्य” भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ । सो शब्दले वडा खेलकुद समितिको सदस्य समेतलाई जनाउनेछ ।

(ढ)  “संयोजक” भन्नाले नगर खेलकुद विकास समितिको संयोजक सम्झनु पर्छ । सो शब्दले वडा खेलकुद समितिको संयोजक समेतलाई जनाउने छ ।

(ण)  “सदस्य–सचिव” भन्नाले नगर खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ । सो शब्दले वडा खेलकुद समितिको सदस्य सचिव समेतलाई जनाउँछ ।

## परिच्छेद–२
## उद्देश्य

**३.उद्देश्यहरु ः**

(क)  नगरपालिकाको कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यामले सहयोग पर्याउने,

(ख) नगरपालिका क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बिचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

(ग) स्वस्थ प्रतिस्पर्धाको भावन जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र तारकेश्वर प्रति सचेत नागरिक तयार गर्ने,

(घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न संघ संस्थालाई परिचालन गर्ने,

(ङ) खेलकुदको माèयमबाट नगरपालिका बासीहरुलाई एककृत भावना प्रति सचेत गराउने,

(च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ,

(छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सहकारी निकायहरुलाई पनि सरिक गराउने,

(ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

(झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने,

(ञ) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

(ट) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

(ठ) नगरपालिका खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने,

(ड) नगरपालिका क्षेत्रमा खुला मैदानहरुको पहिचान गरी सामुदायिक खेलमैदानको व्यवस्था गर्ने

## परिच्छेद–३

## नगर खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**४. नगर खेलकुद विकास समितिको गठन :** (१) खेलकुदको विकास गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको “खेलकुद विकास समिति” को गठन हुनेछ :

(क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति – संयोजक

(ख) वडा खेलकुद विकास समितिका अèयक्ष तथा सदस्यहरु मध्ये प्रमुखले मनोनित २ जना – सदस्य

(ग) नगरपालिका क्षेत्र भित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ख्याति आर्जन गरेका खेलाडी तथा पूर्व खेलाडीहरु मध्येबाट एक महिला सहित नगर कार्यपालिकोले तोकेको २ जना – सदस्य

नगर कार्यपालिकाको कार्यालय

(घ) सामाजिक विकास संयोजक वा निजले तोकेको व्यक्ति –
सदस्य

(ङ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लबका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना
– सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरु मeये प्रमुखद्वारा मनोनित २ जना – सदस्य

(छ ) शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख वा निजले तोकेको अधिकृत – सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण,सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउन, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य पालिका, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लब, संघ संस्था, प्रशिक्षण संस्थाको नियमन नगरपालिकालाई समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

नगर कार्यपालिकाको कार्यालय

(छ) नगरपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(झ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवं निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा न्यूनत्तम एक खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रबद्र्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गताहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने तथा विद्यालय स्तरबाट नै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादका लागि योजना निर्माण गर्ने र कार्न्यान्वयन गर्ने गराउने,

(त) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्न,

(थ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(द) नगर भित्रका विभिन्न खेलकुदहरुको विकासका लागि वार्षिक बजेट नगर सभा हुनुभन्दा पन्ध्र दिन अगाडि नगर कार्यपालिकामा पेश गर्न सक्ने ।

नगर कार्यपालिकाको कार्यालय

(ध) संरक्षक नगर प्रमुख, प्रमुख सल्लाहकार उपप्रमुख, सल्लाहकार प्रमुख प्रशासकीय अधिकृत र शिक्षा तथा सामाजिक विकास शाखा प्रमुखलाई बैठकमा आमन्त्रण गरी आवश्यक परामर्श र निर्देशन लिने ।

**६.सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

**७. समितिका सदस्यहरुको पदावधि :** (१) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर नगरपालिकाको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**८.सदस्यको अयोग्यता :** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको, छ

नगर कार्यपालिकाको कार्यालय

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मगज बिग्रको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य एक्काइस वर्ष उमेर पूरा नभएको ।

**९. सदस्यता समाप्त हुने अवस्था** ः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-४

## वडा खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**१०. वडा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था** ः वडा स्तरमा खेलकुदको विकास गर्नको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा खेलकुद विकास समिति गठन हुनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक

(ख) वडा समितिले मनोनित गरेको वडा महिला सदस्यहरु मध्ये १ जना - सदस्य

(ग) वडामा क्रियाशिल खेलकुद क्लबका अध्यक्ष वा सदस्यहरु मध्येबाट वडा खेलकुद

विकास समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

**११. वडा खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार** ः

नगर कार्यपालिकाको कार्यालय

(क) वडा स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने।

(ख) वडा स्तरीय मेयर कप तथा उपमेयर कप खेलकुद छनौट प्रतियोगिताको आयोजना, व्यवस्थापन र अनुगमन गर्ने।

(ग) वडा स्तरीय खेलकुद प्रतियोगिता तथा वडा अध्यक्ष कप छनौट प्रतियोगिताको लागि आवश्यका पूर्वाधार तयार गर्ने।

(घ) सम्बन्धित वडाका सम्पूर्ण युवा तथा खेलाडीहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने।

(ङ) वडा अध्यक्ष कप खेलकुद छनौट प्रतियोगिताका लागि सम्बन्धित वडामा वडा स्तरीय प्रतियोगिता सम्पन्न गरी छनौट भएका खेलाडीहरुलाई निर्धारित कोटा अनुसार नगर स्तरीय खेलकुद प्रतियोगितामा सहभागि गराउने।

(च) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक स्रोत जुटाउन पहल गर्ने।

(छ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक र प्रचार प्रसार उपसमिति गठन गर्ने।

(ज) वडामा खेलकुद प्रशिक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने।

(झ) नगर खेलकुद विकास समितिसँग समन्वय गरी अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने।

(ञ) वडा भित्र रहेका विद्यालयहरुमा अध्ययनरत बिद्यार्थीहरुलाई खेलकुद कार्यक्रममा सहभागी गराउदै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी तयारीको लागि प्रोत्साहन गर्ने।

## परिच्छेद-५

## नगर तथा वडा खेलकुद विकास समितिको बैठक

**१२. समितिको बैठक र निर्णय :** (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

नगर कार्यपालिकाको कार्यालय

(४) समितिको बैठक प्रत्येक २/२ महिनामा अनिवार्य बस्नु पर्नेछ। वर्षको कम्तीमा ६ पटक बस्नेछ। समितिको आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिब माफिकको कारण देखाई बैठक बोलाइयोस्भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ (सात) दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतकोराय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राख्नेछ।

## परिच्छेद-६
## टिम, क्लव, संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

**१३. खेलकुद सम्बन्धी संस्थाको दर्ता :** (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १४ बमोजिम संस्था दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ संस्थाले नगरपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

**१४.संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने :** (१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दस्तुर ५००। का साथ चन्द्रपुर नगरपालिका संघ संस्था दर्ता ऐन, २०७९ मा उल्लेखित ढाँचामा दरखास्त

दिनु पर्नेछ :

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले चन्द्रपुर नगरपालिका संघ संस्था दर्ता ऐन, २०७९ बमोजिम संस्था दर्ता वा अद्यावधिक भएका प्रमाण पत्र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

**१५. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :**(१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गराई चन्द्रपुर नगरपालिका संघ संस्था दर्ता ऐन, २०७९ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ।

(२) संस्थाको नविकरण, सूचिकरण आदि कार्य चन्द्रपुर नगरपालिका संघ संस्था दर्ता ऐन, २०७९ बमोजिम गर्नु गराउनु पर्नेछ।

(५) नगरपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्नेछैन।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. लिएको हुनु पर्नेछ।

(८) दर्ता र नवीकरण गर्नुभन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ।

(१०) दर्ता भएका टिम, क्लव, संघ संस्थाले जनुसुकै खेलकुदको प्रतियोगिता गर्नुभन्दा अगाडि नगर खेलकुद समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ।

(११) नगर खेलकुद समितिमा दर्ता भएका टिम, क्लव, संघ संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

**१६. हेरफेरको सूचना गर्नु पर्ने :** (१) यो ऐन बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र समितिलाई दिनुपर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ।

**१७. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने ः** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुनसुकै वेला पनि हेर्न सक्नेछ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनेछ।

**१८. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने ः** (१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

**१९. समितिको स्वीकृति लिनु पर्ने ः** खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

**२०. सदस्यहरुको सुविधा ः** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भम्रण तथा दैनिक भत्ता पाउने छन् ।

**२१. कार्यक्रम तथा बजेट ः** खेलकुद विकास प्रवद्धर्नको लागि नगरपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## आचार संहिता

**२२. आचार संहिता ः** खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी, नगर कार्यपालिका र सभाषद्हरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ः

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिंदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात् पाउने शिल्ड, ट्रफी कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब बिघटन हुन गई उक्त क्लबले प्राप्त गरेका शिल्ड, ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लबलाई उपहार दिन भने बाधा पर्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

नगर कार्यपालिकाको कार्यालय

(छ)  खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन।

(ज)  खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग,  अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइने छ,  तर विपक्षी टीमका व्यक्तिहरु वा टिमलाई इङ्गित गरी कार्टुन, चित्रकारिता,  हुटिङ व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

(झ)  खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।

(ञ)  नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

(ट)  यस अघि नै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

**२३. सौजन्यता** : दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ। संस्थाको सौजन्यताबाट प्राप्त नगद,  जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ।

## परिच्छेद-८
## सजाय

**२४. जरिवाना** : (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु.१,०००। (एक हजार),

(ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु.२,५००। (दुई हजार पाँच सय),

(ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु.५,०००। (पाँच हजार),

(घ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु.१०,०००। (दश हजार)।

नगर कार्यपालिकाको कार्यालय

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइने छ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न व्यक्तिकोअर्को संस्था दर्ता गरिने छैन।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ।

## परिच्छेद-९
## विविध

**२५. संस्थाको विघटन ः** (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा बिघटन हनु सक्नेछन्ः

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था बिघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा।

**२६. विघटित संस्थाको सम्पत्ति ः** विघटन भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ।

**२७. सजाय ः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुर्‍याएमा निजलाई २०,०००।- (बीस हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुर्‍याएमा ऐन कानुनमा उल्लेख भए अनुसार कारवाही हुनेछ।

**२८. असल नियतले गरेको काममा बचाउ ः** कार्यविधि बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लब, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन।

**२९. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।**

**३०. प्रतिवेदन ः** वडा स्तरीय समितिको वार्षिक प्रगति प्रतिवेदन नगर खेलकुद समिति समक्ष र नगर खेलकुद समितिले वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

**३१. पुनरावेदन गर्न सक्ने** : नगर खेलकुद समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ७ (सात) दिन भित्र नगर कार्यपालिकामा पुनरावेदन गर्न सक्ने छ। नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

**३२. बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा वा व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

**३३. संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशेधन गर्न सक्नेछ।

आज्ञाले
किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय